कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०६/२७ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा चाडपर्व लक्षित निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | शिव शंकर स्विट एण्ड चाट हाउस, का.म.न.पा.-२२, काठमाडौं | • सरसफाइ सन्तोषजनक नरहेको<br>• लेबल विवरण उल्लेख नगरि खाद्य पदार्थ बिक्री वितरण गरेको<br>• डस्टबिनमा ढक्कनको व्यवस्था नरहेको<br>• काम गर्दा हेड नेट लगायतको प्रयोग नभएको | • खाद्य स्वच्छता कायम गर्ने, सरसफाइ राख्ने, डस्टबिनमा ढक्कनको प्रयोग गर्ने, अनुगमनको क्रममा दिइएको निर्देशन पालना गरी प्रमाण सहित (७) दिन भित्र खा.प्रा.गु.नि.वि. मा उपस्थित हुने निर्देशन दिएको। |
| २. | नन्दन फुड्स नेपाल, का.म.न.पा.-२२, न्यूरोड | • सरसफाइ सामान्य रहेको<br>• पूर्ण लेबल विवरण नभएको खाद्य पदार्थ बिक्रि वितरण गरेको<br>• अनुमति पत्र नलिई भुजिया, आलु चिप्स लगायतका खाद्य पदार्थ बिक्री वितरण गरेको | • खाद्य स्वच्छता कायम गर्ने, अनुमति पत्र लिएर मात्र खाद्य पदार्थ उत्पादन तथा बिक्री वितरण गर्ने र लेबल नलगाएको खाद्य पदार्थ बिक्री नगर्ने निर्देशन दिएको। |
| ३. | स्वस्तिक स्विट एण्ड स्न्याक्स प्रा.लि., का.म.न.पा.-२५, काठमाडौं | • सरसफाइ सन्तोषजनक नरहेको<br>• खाद्य अनुमति पत्र नलिएको | • खाद्य स्वच्छता कायम गर्ने र खाद्य अनुमति पत्र लिएर मात्र खाद्य पदार्थ बिक्री वितरण गर्ने निर्देशन दिएको। |
| ४. | चामुण्डा मिठाई, गोकर्णेश्वर न.पा-०५, काठमाडौं | • मिठाई उत्पादन स्थलको सरसफाइ अपर्याप्त र अवस्था अव्यवस्थित रहेको<br>• मिठाईजन्य खाद्य पदार्थ नछोपी भण्डारण गरेको<br>• मिठाई बनाउँदा synthetic food color को प्रयोग गर्ने गरेको<br>• कामदारको व्यक्तिगत सरसफाइ पर्याप्त नभएको<br>• तेलको TPM परीक्षण गर्दा १३.५ पाइएको<br>• उत्पादन मिति र उपभोग्य मिति उल्लेख नभएको १२ प्याकेट (५०० ग्रामको) चाउमिन पाइएको | • उत्पादन मिति र उपभोग्य मिति उल्लेख नभएको १२ प्याकेट (५०० ग्रामको) चाउमिन नष्ट गरिएको।<br>• नियमित सरसफाइ गरी खाद्य स्वच्छता कायम गर्ने र व्यवस्थित बनाउने, मापदण्ड विपरीत synthetic food color को प्रयोग नगर्ने, कामदारको सरसफाइमा ध्यान दिने, फ्रिजमा लेबल लगाएर व्यवस्थित तरिकाले भण्डारण गर्ने, सोकेसमा मिठाई भण्डारण गर्दा लेबल (उत्पादन मिति) लगाएर मात्र भण्डारण गर्ने, मिठाईमा कुनै मिसावट |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | | नगर्ने र गुणस्तर कायम गर्ने र pest control को व्यवस्था मिलाउने निर्देशन दिएको। |
| ५. | वैष्णो देवी स्विट्स, गोकर्णेश्वर न.पा-०४, काठमाडौं | • सरसफाइ सामान्य रहेको<br>• कामदारको व्यक्तिगत सरसफाइ पर्याप्त नभएको<br>• सोकेसमा मिठाई भण्डारण गर्दा लेबल नलगाई (उत्पादन मिति) भण्डारण गरेको<br>• तेलको TPM परीक्षण गर्दा १७ पाइएको<br>• खाद्य पदार्थ मिठाई नछोपी भण्डारण गरेको<br>• पेडामा starch परीक्षण गर्दा कैफियत नपाइएको | • देखिएका कैफियत र मौखिक निर्देशनहरू पालना गरी स्वच्छता तथा गुणस्तर कायम गर्ने, मिठाईजन्य पदार्थमा कुनै पनि किसिमका अखाद्य रंग र मिसावट नगर्ने, फ्रिजको सरसफाइ गर्ने र कामदारको सरसफाइमा ध्यान दिई स्वच्छता र गुणस्तर कायम गर्ने निर्देशन दिएको। |
| ६. | सापकोटा मिठाई भण्डार, गोकर्णेश्वर न.पा-०५, काठमाडौं | • सरसफाइ पर्याप्त नभएको<br>• Synthetic food color को प्रयोग गर्ने गरेको<br>• किचनमा अनावश्यक सामग्री भण्डारण गरेको र फोहर नछोपी राखेको<br>• सोकेसमा मिठाई भण्डारण गर्दा लेबल नलगाई (उत्पादन मिति) भण्डारण गरेको<br>• खाद्य पदार्थ रसबरी, गुलाबजामुन नछोपी भण्डारण गरेको | • सरसफाइ गरी खाद्य स्वच्छता कायम गर्ने, मिठाईजन्य पदार्थमा कुनै पनि किसिमका अखाद्य रंग लगायतका अखाद्य पदार्थ मिसावट नगर्ने, खाद्य पदार्थ छोपेर भण्डारण गर्ने र गुँदपाक लगायत सोकेसमा रहेका खाद्य पदार्थ लेबल लगाएर मात्र भण्डारण गर्ने निर्देशन दिएको। |
| ७. | श्री बाल गणेश स्विट एण्ड चाट हाउस, गोकर्णेश्वर न.पा-०६, काठमाडौं | • सरसफाइको अवस्था फोहर रहेको<br>• Pest control पर्याप्त नभएको<br>• कामदारको व्यक्तिगत सरसफाइ पर्याप्त नभएको<br>• रसबरीमा झिँगा भेटिएको<br>• खुला ठाउँ छतमा मिठाई बनाउने गरेको | • पेडामा starch परीक्षण गर्दा positive पाइएकोले १ के.जी. पेडा र झिँगा भेटिएको करिब २ के.जी. रसबरी नष्ट गरिएको।<br>• देखिएका कैफियत सुधार गर्ने, Pest control को लागि व्यवस्था मिलाउने र किचनमा cross contamination को जोखिम नहुने गरी व्यवस्था मिलाउने निर्देशन दिएको। |
| अनुगमन गरिएको व्यवसायको कुल संख्याः ७ वटा होटल/रेष्टुरेन्ट | | | |

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०६/२७

Scanned with CamScanner